# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन २५ गते २०३८ साल

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले कपास विकास समिति (गठन) आदेश, २०३७ (यस पछि मूल गठन आदेश भनिएको) को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मूल गठन आदेशको दफा ३ को उपदफा (२) बमोजिमको समितिको अध्यक्ष र सदस्य देहायबमोजिम हेरफेर तथा थप गरेको छ ।

१. मूल गठन आदेशको दफा ३ को उपदफा (२) को खण्ड (क) को सट्टा देहाय-बमोजिमको खण्ड (क) राखिएको छ ।

(क) सचिव, उद्योग मन्त्रालय— अध्यक्ष

२. मूल गठन आदेशको दफा ३ को उपदफा (२) को खण्ड (झ) पछि देहाय-बमोजिमको खण्ड (ञ) थप गरिएको छ ।

३. (ञ) सह-सचिव, उद्योग मन्त्रालय (औद्योगिक योजना तर्जुमा तथा कार्य मूल्याङ्कन महाशाखा)— सदस्य

आज्ञाले—

सूर्यप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि लागू हुनेछ।

(९)

२८३

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।